# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, पुष १६ गते, २०७८ साल (अतिरिक्ताङ्क २५

## भाग-३

## कर्णाली प्रदेश, सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको

## <u>सूचना</u>

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. अनुसूची-२ को,-

(१) प्रकरण नं. ५ को सि.नं. ९ पछि देहायका सि. नं. १०, ११ र १२ थपिएका छन्-

| | |
|---|---|
| "१० | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |
| ११ | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १२ | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता।" |

(२) प्रकरण नं. ७ को सि.नं. १४, १५ र १६ झिकिएका छन्।

आज्ञाले,
भरत कुमार शर्मा
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित